# बेलबारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### बेलबारी मोरङ

### प्रदेश नं. १

## शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६/३/२**

तपशिल उल्लेखित सडकहरुमा आर्थिक वर्ष २०७६/७७ को लागि स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क अशुलीको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ठक्का लिन चाहने इच्छुक फर्म, कम्पनी, संस्था वा व्यक्तिहरुले तपशिल बमोजिमको शर्तको अधिनमा रहि सि.नं. १ को हकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन र सि.नं. २ को हकमा १५ (पन्ध्र) दिन भित्र यस नगर कार्यपालिकाको कार्यालयबाट बोलपत्र फारम तोकिएको दस्तुर बुझाइ (पछि फिर्ता नहुने) खरिद गरि क्रमश: ३१औं दिन र १६औंदिनको १२:०० बजे भित्र बोलपत्र दर्ता गर्न आफुले कबोल गरेको एकमुष्ठ ठेक्का रकम अंक र अक्षरमा खुलाई गोप्य शिलबन्दी बोलपत्र आव्हान गरी यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | सडकको नाम | न्युनतम अङ्क | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|
| १. | भाउन्ने किर्तिमान सडक | २५,००,०००।- | ३,०००।- |
| २. | सिसौबारी फड्वानी भलुवा बेलबारी सडक | ७,००,०००।- | १,०००।- |

नोट प्रत्येक सि. नं. मा उल्लेखित ठेक्काको लागि छुट्टाछुट्टै फाराम खरिद गर्नु पर्ने छ। साथै छुट्टाछुट्टै बैंक जमानत वा बैंक भौचर पेश गर्नुपर्नेछ।

## ठेक्का सम्बन्धि आवश्यक शर्तहरु

(१) माथि उल्लेखित ठेक्काबाट करदस्तुर असुल गर्दा बेलबारी नगरपालिकाले तोकिएको दरमा मात्र असुल गर्नु पर्नेछ।

(२) कर असुली दररेट एवं ठेक्कापत्राको शर्तहरु बेलपत्र साथ उपलब्ध गराईने छ।

(३) ठेक्काको अवधि २०७६ श्रावण १ देखि २०७७ आषाढ मसान्त सम्मको लागि मात्र हुनेछ।

(४) प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फारम खरिद गरी छुट्टाछुट्टै बोलपत्र पेश गर्नु पर्नेछ।

(५) बोलपत्र पेशकर्ताले खामको बाहिरपट्टी ठेक्काको किसिम तथा पेशकर्ताको नाम स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

(६) सिलबन्दीबोलपत्र साथव्यक्तिको हकमा नागरिकताको प्रतिलिपी, फर्म, कम्पनी वा संस्थाको हकमा दर्ता प्रमाणपत्र, अघिल्लो आ.व.को कर चुक्ता र नवीकरणको प्रमाणपत्र संलग्न हुनु पर्नेछ। धरौटी रकम कबोल गरेको अंकको नेपाली नागरिक भएमा ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत रकम बेलबारी नगरपालिकाको नाममा रहेको रा.बा. बेलबारीको बैंकको हि.नं. २४३०३००७१०३ धरौटी खातामा जम्मा गरि सोको सक्कल भौचर पेश गर्नु पर्नेछ र नगदलाई मान्य दिईने छैन।

(७) कबोल गरिएको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ।

(८) शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलिने छ।

(९) ठेक्का रकम संझौता समयमा एकमुष्ठ बुझाएमा ठेक्का अंकको १० प्रतिशत छुट दिइनेछ। यदि किस्तामा बुझाउनेको हकमा ठेक्का अंक बराबरको ठेक्का अवधि सम्मको लागि बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ। यस्तो किस्ता चौमासिक रुपमा दामा साहीले (मु.अ.कर समेत) बुझाउनु पर्नेछ।

(१०) बोलपत्र स्वीकृत भएको ७ दिनभित्र सम्झौता गरि सक्नु पर्नेछ। उक्त अवधिमा सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडी बढाईनेछ।

(११) प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ। व्यक्तिको हकमा मूल्य अभिवृद्धि करमा दर्ता नभएको अवस्थामा ठेक्का रकम र सो मू.अ.कर रकम समेत कार्यालयमा दाखिला गर्नु पर्नेछ। फर्म वा कम्पनी वा मू.अ.करमा दर्ता भएको व्यक्तिको हकमा मू.अ.कर बापतको रकम सम्बन्धित कार्यालयमा ठेक्का सम्झौता हुनु अघि दाखिला गर्नु पर्नेछ।

(१२) ठेकेदारले नेपाल सरकार तथा बेलबारी नगरपालिकाले समय समयमा दिएको निर्देशनलाई पालना गर्नुपर्नेछ र यस न.पा. र ठेकेदार बीच ठेक्काको विषयमा विवाद भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

(१३) बेलबारी नगरपालिकालाई बुझाउनु पर्ने रकम बाँकी बक्यौता भएका फर्म वा व्यक्तिहरुको बोलपत्रलाई बाँकी बक्यौता रकम नबुझाएसम्म स्वीकृत गरिने छैन।

(१४) ठेकेदारले राखेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि आन्तरिक राजश्व कार्यालयमा आयकर मूल्य अभिवृद्धि कर तिरेको प्रमाण र बेलबारी नगरपालिकाबाट कर असुलीमा प्रयोग भएको रसिद जाँच बुझ भएपछि मात्र फिर्ता दिईनेछ।

(१५) ठेक्का कबोल गर्ने ठेकेदारले बेलबारी नगरपालिकाले तोकिदिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदार आफैले छपाई रसिदहरु नगरपालिकाबाट कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित बाहेकका रसिदबाट कर उठाएको पाईएमा वा उजुरी परेमा नियमानुसार कारवाही चलाईने छ।

(१६) बन्द हड्ताल जस्ता मानव सृजित कारण तथा प्राकृतिक प्रकोपबाट हुने अवरोधका कारण कर छुट वा मिनाहा दिईने छैन।

(१७) एक व्यक्ति वा फर्मको नामबाट खरिद गरेको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन।

(१८) यो सूचना बमोजिमको दाखिला भएको कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार नगरपालिकामा निहित रहनेछ।

(१९) कर असुलीको दररेट एवं लाग्ने दस्तुरको विवरण सहितको होडिङ बोर्ड ठेकेदारले प्रत्येक संकलन केन्द्रमा सबैले देखिने गरि अनिवार्य रुपमा राख्नु पर्नेछ।

(२०) कुनै शर्त सहितको बोलपत्र स्वीकृत हुने छैन र कुनै एक ठाउँमा राखेको धरौटी रकमअर्को कुनै ठेक्कामा समायोजन वा सदर स्याहा गरिने छैन।

(२१) स्थानीय तहले तोकेको दर भन्दा बढी रकम असुल गरेमा वा सम्झौतामा उल्लेख भए बाहेकका माल वस्तुमा कर सेवा शुल्क वा दस्तुर असुल गरेमा वा दोहोरो हुने गरि कर लिएमा त्यस्तो कर बराबरको रकम ठेकेदारले यस कार्यालयमा राखेको धरौटी रकमबाट कट्टागरि सम्बन्धित पक्षलाई उपलब्ध गराईनेछ। ठेक्का सम्बन्धी सम्पूर्ण काम कारवाही सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ८४ बमोजिम हुनेछ।

(२२) सूचनामा उल्लेख नभएको कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**